# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १ गते ०८ साल

## भाग ७

### स्वास्थ्य मंत्रालयको अपील

हाम्रा नेपालभरिका नागरिकहरू सधैं हिंड्नुपर्ने गल्लीबाटाहरू तथा बस्नुपर्ने चोक ननीहरूमा हर्दम भैरहने फोहर मैलाहरूलाई ध्यानमा राख्तै अपील गरिन्छ कि हरेक चेतनशील मानिसको कर्तव्य भए भैं प्रत्येक नेपाली नागरिकले पनि आफ्नो वरिपरिको सफा सुग्घरले आफ्नै स्वास्थ्यमा कति असर पर्छ—ख्याल राख्नुपर्ने कुरा हो, यस्तो फोहरमैला र तद्‌जन्य दूषित हावा नै हाम्रो रोग व्याधको प्रमुख कारण हो र यस्तो रोग व्याधबाट मुक्त हुनु जीवनको निमित्त ठूलो सुखको मुहान हो। यस्तो किसिमबाट फोहर मैला गरी नाक मुख छोपेर हिंड्नूपर्ने भै रोग व्याधद्वारा जीवन दुःखमय गरी बिताउनु न बिताउनु हाम्रो आफ्नै हातमा छ। यसैले हाम्रा नेपालका प्रत्येक देशबन्धुसँग अनुरोध छ-फोहर मैलासँग विरोधी संग्राम आजैदेखि सुरु गरौं र हाम्रो अमूल्य छोटो जिन्दगीलाई रोगशत्रूबाट मुक्त गराऔं। हाम्रा वरिपरि फोहर मैला सकेस-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

म्भ गर्न नदिऔं र यस्तै अपठ्यारो परेमा सरकारमा सूचित गर्नुहोला र स्यानिटेशन विभाग यस्तै सेवा गर्न हर्दम तयार छ । वरिपरि चर्पी पाइखाना भै ज्यादा मर्का परिरहेको भए पनि सूचित गर्नुहोला । उचित कारवाइ हुनेछ ।

स्वास्थ्यमंत्रालय

## विज्ञप्ति

आवश्यकभन्दा बढी निजी धाराहरू कटाउन स्वाथ्यमन्त्रालयलाई जनाउ दिनेबारे सबैलाई अपील गरी प्रकाशित गरिएको सूचनाअनुसार हाल श्री-माननीय वनमन्त्री सिंहशमशेरले पानीको दुरुपयोग नगर्ने विचार प्रकट गर्नुभएको छ.। श्रीकम्याण्डर इनचीफ केशरशमशेरले आफूकहाँ भएको सबै फोहरा बेकार सम्भी कटाउने विचार गर्नुभएको छ । यसरी हाम्रो नेपालका सब नागरिकहरुले आफ्नो नागरीक कर्तव्यको राम्रो ख्याल राख्नुभै अनावश्यक तरिकाले खेर जाने पानी तथा फोहराहरू सरकारलाई सुम्पनुभै पानी नपाई दुःख पाइरहेका जनताको सेवा गर्ने सुअवसरमा यथाशीघ्र सहयोग गर्नुहोला भन्ने आशा गरिएको छ । सरकारले आफैं ठाउँ ठाउँ गै जाँचबुझ गर्नपर्नुभन्दा यसरी जनाउ अगावै दिनु ज्यादै सराहनीय कुरा हो ।

स्वास्थ्य मन्त्रालय

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।